नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
केसरमहल, काठमाडौं, नेपाल
(खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा)

फोन नं. :- ९७७-०१-५९७१३०१
Email: - darta@ppmo.gov.np
Website: - www.ppmo.gov.np

प.सं.:- ०८२/८३
च.नं.:- MG/१२०४

मितिः २०८२।१०।२८

**विषयः सार्वजनिक खरिद पत्रिकाको लागि लेख, रचना उपलब्ध गराइदिने सूचना।**
**(Call for Articles)**

सार्वजनिक खरिद अनुगमन कार्यालयको चालू आ.व. ०८२/८३ को पहिलो अंकको रूपमा २०८३ साल असार महिना सम्म प्रकाशित हुने "सार्वजनिक खरिद पत्रिका २०८३" मा लेख, रचना प्रकाशन गराउन चाहनुहुने विद्वान लेखक महानुभावहरूलाई मिति २०८२ चैत्र १५ गते भित्र लेख, रचना यस कार्यालयमा पठाउनुहुन हार्दिक अनुरोध छ।

सार्वजनिक खरिद पत्रिकामा तपसिल बमोजिमका विषयहरूसँग सम्वन्धित मौलिक, अनुसन्धानात्मक, विचारप्रधान तथा विश्लेषणात्मक विषय समावेश भएका तथ्याङ्कमा आधारित लेख, रचनाकालाई प्राथमिकता दिइनेछ।

<u>तपसिलः</u>

१. सार्वजनिक खरिद सम्बन्धमा अवलम्बन नविनतम विधि र प्रक्रियाहरू;
२. सूचना प्रविधिमा आधारित खरिदका राष्ट्रिय/अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास र प्रक्रियाहरू;
३. सार्वजनिक खरिदसँग सम्बन्धित अनुसन्धानात्मक लेख, रचना;
४. सार्वजनिक खरिद (निर्माण, मालसामान, परामर्श सेवा, अन्य सेवा) सम्बन्धी लेख, रचना;
५. सार्वजनिक खरिद सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय कानून र खरिद अभ्यासका लेख, रचना;
६. सार्वजनिक खरिदमा सुधार सम्बन्धी लेख, रचना;
७. खरिदका अन्य समसामयिक विषयवस्तु।

प्रकाशनका लागि लेख, रचनाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा दुवैमा हुन सक्नेछ। लेखहरू ३००० देखि ५००० शब्दसम्मको हुनुपर्नेछ। लेख, रचनाका साथ लेखकले आफ्नो फोटो, संक्षिप्त परिचय, इमेल ठेगाना तथा मोबाइल नम्बर अनिवार्य रूपमा संलग्न गरी यस शाखाको इमेल ठेगाना **gunaso@ppmo.gov.np** मा पठाउन अनुरोध छ। पत्रिकामा प्रकाशनार्थ प्राप्त लेख, रचनाहरू स्वीकार गर्ने वा नगर्ने अधिकार सम्पादक समितिमा रहनेछ। प्रकाशित लेख, रचनाका लागि नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसारको पारिश्रमिक उपलब्ध हुनेछ। यस पत्रिकामा प्रकाशनको लागि पठाईएका लेख, रचनाहरू अन्यत्र प्रकाशन नभएको हुनुपर्नेछ र अन्यत्र प्रकाशन गर्नुपरेमा यस कार्यालयको पूर्वस्वीकृति लिनुपर्नेछ।

<u>थप जानकारीका लागि सम्पर्क व्यक्तिः</u> इ. सुभाष कुमार खड्का क्षेत्री (मोबाइल नं. ९८६४४९१५७८)।

१०/२८
........................
(सुभाष कुमार खड्का क्षेत्री)
इन्जिनियर